# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७८।७९
चलानी नं.: १६८०

मिति: २०७८।०७।०३

**रत्ननगर नगरकार्यपालिकाको कार्यालयको कृषि अनुदान सम्बन्धी सूचना**
**दोस्रो पटक सूचना प्रकाशित मिति २०७८/०७/०३**

यस रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत तपसिलका कृषि अनुदान कार्यक्रमहरु संचालन हुने हुँदा इच्छुक सेवाग्राहीहरुबाट दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७८/०७/१७ गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राखी प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नुहुन यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | कार्यक्रमको नाम | लक्ष्य परिमाण | कुल बजेट रु. | अनुदान प्रतिशत | लक्षित बर्ग | कार्यक्रमको उदेश्य |
|---|---|---|---|---|---|---|
| **क.** | **कृषि विकास कार्यक्रम (८०३३१४०४३०३)** | | | | | |
| १ | साना सिचाँइ मर्मत तथा सम्भार कार्यक्रम कार्यक्रम | १५ | २२,५०,००० | ८५ | कृषि समूह/सहकारी/जल उपभोक्ता समिति | खेतियोग्य जमिनमा सिँचाइको क्षेत्रफल विस्तार गर्ने । |
| २ | विपन्न पिछडिएका समुदायसँग सामुहिक कृषि उत्पादन कार्यक्रम | १ | २,५०,००० | ५० | कृषि समूह/सहकारी/जल उपभोक्ता समिति | विपन्न पिछडिएका समुदायलाइ उत्पादनमुखी कार्यमा संलग्न गराउने । |
| ३ | युवा लक्षित कार्यक्रम (तरकारी, च्याउ र मौरी) | १० | ६,००,००० | ५० | युवा कृषक (१८ देखि ४० बर्ष उमेर) | युवाहरुलाई कृषि पेशामा आकर्षण गर्ने |
| ४ | प्राविधिक शिक्षालयको सहकार्यमा नर्सरी तथा सिकाइ केन्द्र स्थापना | १ | ५,००,००० | १०० | कृषि प्राविधिक अध्यापन गर्ने स्कुल/कलेज | प्राविधिक शिक्षालयका विधार्थीहरुलाई सिकाइ केन्द्र स्थापना गर्ने |
| **ख.** | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) (८०३३१४०४५११)** | | | | | |
| १ | कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण | १ | ११,००,००० | ५० | कृषि व्यवसायी/कृषक समूह/कृषि सहकारी | तरकारी, फलफुल लगायत कृषि उपजको सूरक्षित भण्डारण |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. कार्यक्रमको संक्षिप्त कार्य योजना,
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
५. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७. अन्य कार्यक्रमको हकमा रु २० र सिँचाइ कार्यक्रमको हकमा रु १०० निवेदन दस्तुर वापतको राजश्व दाखिलाको भौचरको प्रतिलिपि,
८. कार्यक्रम संचालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा ५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

..............................
शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत